१ भदौ २०८०

# अन्तरपार्टी निर्देशन–८

**प्रिय कमरेडहरु,**

पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीको अध्यक्षतामा केन्द्रीय सचिवालयको २३औं र २४औं बैठक क्रमशः गत असार ३० र यही साउन २९ गते केन्द्रीय कार्यालय, तुल्सीलाल स्मृति भवन, च्यासलमा बस्यो । बैठकले गरेका महत्वपूर्ण निर्णयहरू जानकारी तथा कार्यान्वयनका लागि यो अपानी-८ जारी गरिएको छ ।

**क प्रदेश अधिवेशन सम्बन्धमा**

१ पार्टी सदस्यता नवीकरणको काम सम्पन्न भएको छ । अधिकांश जिल्लाको पार्टी सदस्यताको अभिलेख तोकिएको मापदण्ड पुरागरी अद्यावधिक गर्ने कामसमेत संगठन विभागबाट सम्पन्न भएको छ । सदस्यताको अभिलेख अद्यावधिक भएका पार्टी सदस्यहरूको मात्र प्रदेश अधिवेशनको प्रक्रियामा सहभागी हुने अधिकार हुने भएकोले सदस्यतासम्बन्धी अघिल्ला बैठकहरूको निर्णय कार्यान्वयन गर्न बाँकी भए तत्काल सम्पन्न गर्न जिल्ला इञ्चार्ज कमरेडहरूलाई ताकेका गर्ने निर्णय गरिएको छ ।

२ प्रदेश, जिल्ला र पालिका अधिवेशन गर्दा देहायको भूमिकामा रहेकालाई पार्टीका प्रमुख पदहरू (अध्यक्ष र सचिव)को जिम्मेवारीका लागि उम्मेद्वार बन्न रोक लगाउने निर्णय गरिएको छः

—पलिका : वडाध्यक्ष, प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष

—प्रदेश : प्रदेशसभाका सदस्य

—संघीय संसद : प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यहरू

३ प्रदेश अधिवेशनको प्रतिनिधि छनोटमा एकरूपता ल्याउन निम्न अनुसार गर्ने निर्णय गरिएको छः

— पालिकाहरूलाई प्रतिनिधित्वको आधार मान्ने ।

— सदस्य संख्या न्यून रहेको स्थानमा समावेशीताको प्रतिनिधित्वको आधार जिल्ला वा प्रदेशसभा निर्वाचन क्षेत्रलाई बनाउन सकिने ।

— पार्टी प्रवेशबाट आएका कमरेडहरूको हकमा सम्बन्धित प्रदेशको विशेषताअनुरूप प्रतिनिधित्वका लागि विशेष व्यवस्था गर्ने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

— ४० वर्ष मुनिका युवा सहभागिता सुनिश्चित हुने गरी प्रतिनिधि चयनको विधि तय गर्ने ।

४ अधिवेशनबाट नेतृत्व चयन गर्दा निम्न विषयलाई विशेष ध्यान दिने:

— भविष्यमा पार्टीमा प्रवेश गर्नेहरूको सम्भावनालाई समेत ध्यानमा राखी कमिटी निर्माण गर्दा कमिटीको अधिकतम् संख्या भन्दा कम गर्ने ।
— विगतमा कमिटीमा १० प्रतिशतसम्म मनोनयन गर्न पाउने अधिकारलाई अधिवेशनकै समयमा प्रयोग गर्नेजस्ता गल्तीसमेत भएको छ । यदि अधिवेशनबाटै कमिटीको मनोनयनका अधिकार प्रयोग गरेमा उक्त निर्णय स्वतः बदर हुने भएकोले त्यस्तो कार्य नगर्ने ।
— 'एक तिहाई युवा प्रतिनिधित्व सुनिश्चित गर्ने' भन्ने निर्णयलाई सिर्जनात्मक रूपले कार्यान्वयन गर्ने । उदाहरणको लागि ४० वर्ष मुनिका युवाको सहभागिता प्रदेश कमिटीमा न्यूनतम १० प्रतिशत, जिल्लामा न्यूनतम १५ प्रतिशत, पालिकामा न्युनतम् २० प्रतिशत र वडा तथा टोलहरूमा कम्तिमा एक तिहाई पुऱ्याउने ।

५ निम्न मितिमा प्रदेश अधिवेशन आयोजना गर्ने निर्णय भएको छः

— भदौ १६ र १७ गतेः लुम्बिनी प्रदेश
— असोज ५ र ६ गतेः मधेस प्रदेश
— असोज ८ र ९ गतेः बागमती प्रदेश
— असोज १० र ११ गतेः कर्णाली प्रदेश
— असोज १२ र १३ गतेः कोशी प्रदेश
— असोज १५ र १६ गतेः गण्डकी प्रदेश
— असोज १९ र २० गतेः उपत्यका विशेष प्रदेश
— असोज २१ र २२ गतेः सुदुरपश्चिम प्रदेश

## ख विभागमा मनोनयन र जिम्मेवारीमा हेरफेर

१ निम्नानुसार विभागमा सदस्यहरूको मनोनयन गरिएको छः

**संसदीय विभाग**

| | | |
|---|---|---|
| १ | पृथ्वीसुब्बा गुरुङ | प्रमुख |
| २ | देवेन्द्र दाहाल | सदस्य |
| ३ | भैरवसुन्दर श्रेष्ठ | सदस्य |
| ४ | लिलानाथ श्रेष्ठ | सदस्य |
| ५ | ज्वाला साहा | सदस्य |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

| | | |
|---|---|---|
| ६ | ठाकुर गैरे | सदस्य |
| ७ | पदम गिरी | सदस्य |
| ८ | चन्द्रबहादुर विश्वकर्मा | सदस्य |
| ९ | बलराम अधिकारी | सदस्य |
| १० | विद्या भट्टराई | सदस्य |
| ११ | भगवती चौधरी | सदस्य |
| १२ | सुनिता बराल | सदस्य |
| १३ | महेशकुमार बर्तौला | सदस्य |
| १४ | अम्वर रायमाझी | सदस्य |
| १५ | किरणकुमार साहा | सदस्य |
| १६ | तारा लामा तामाङ | सदस्य |

**केन्द्रीय प्रचार तथा प्रकाशन विभाग**

| | | |
|---|---|---|
| १ | डा. महेन्द्र बिष्ट | सदस्य |
| २ | सूर्यमणी गौतम | सदस्य |
| ३ | रामशरण बजगाई | सदस्य |
| ४ | गणेश पाण्डे | सदस्य |
| ५ | राजेश राई | सदस्य |
| ६ | लीलाराज भट्टराई | सदस्य |
| ७ | रामकृष्ण ज्ञवाली | सदस्य |
| ८ | शेरबहादुर केसी | सदस्य |
| ९ | दीपक ज्ञवाली | सदस्य |
| १० | लालबाबु शेख | सदस्य |
| ११ | हेमन्त पौडेल | सदस्य |

**विपद व्यवस्थापन तथा स्वयम्सेवा विभाग**

| | | |
|---|---|---|
| १ | खेमराज पौडेल | सदस्य |
| २ | हर्षमान महर्जन | सदस्य |
| ३ | हुमनाथ भुसाल | सदस्य |
| ४ | खेमराज ज्ञवाली | सदस्य |
| ५ | सुरज गौतम | सदस्य |
| ६ | ऋषि रेग्मी | सदस्य |

**कृषि तथा पशुपन्छी विभाग**

| | | |
|---|---|---|
| १ | पर्वत शर्मा भट्टराई | सदस्य |
| २ | गोकर्ण अर्याल | सदस्य |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**खानेपानी विभाग**

१ भक्तबहादुर थपा सदस्य
२ सुनिता कार्की सदस्य
३ डिआर वशिष्ठ सचिव

**अर्थयोजना विभाग**

१ डिल्लीराज अर्याल सदस्य
२ गिरीधारी पौडेल सदस्य
३ क्रान्ति बुर्लाकोटी सचिव

**पार्टी स्कुल विभाग**

१ विद्या भट्टराई, केकस सदस्य
२ डा सुस्मिता ढकाल सदस्य
३ शंकर महतो सदस्य

**संगठन विभाग**

१ आनन्द पोखरेल सदस्य (बागमती प्रदेश)
२ माधव ढुंगेल सचिव

**भौतिक पूर्वाधार तथा निर्माण**

१ रविशंकर सिं कुशवाह सदस्य

**साहित्य, कला तथा सँस्कृति विभाग**

१. मेघराज नेपाल (मञ्जुल) सदस्य
२. श्याम तमोट सदस्य
३. विष्णु प्रभात सदस्य
४. ज्योतीकर शर्मा सदस्य
५. अर्जुन पाण्डे सदस्य
६. डिआर नेपाल सदस्य
७. भूमिका सुब्बा सदस्य
८. गणेश केसी सदस्य
९. प्रतिभा पुन सदस्य
१०. ईन्द्रकुमार श्रेष्ठ, सदस्य

२ **बिदा**: निम्न कमरेडहरूलाई स्वास्थ्य लगायतका कारणले हाललाई कामबाट बिदा दिने निर्णय गरिएको छः



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

- अजय क्रान्ति शाक्य (काठमाडौं)
- जुनेली श्रेष्ठ (मकवानपुर)
- पार्वती रावल (चितवन)
- पुरनसिंह दयाल (बैतडी)
- लामो समयदेखि पार्टीको काममा संलग्न नहुनुभएका अन्य केही कमरेडहरूको हकमा अवस्था र कारण बुझेर आगामी बैठकमा आवश्यक निर्णय लिने ।

३ **विभागीय सचिवको जिम्मेवारीबाट बिदा**: निम्न कमरेडहरूले भुगोलको काममा संलग्न रहने मागसहित विभागको सचिव पदबाट बिदा दिन प्रस्ताव गर्नुभएकोले विभागको जिम्मेवारीबाट बिदा दिइएको छः

- डा. दीपकप्रकाश भट्ट, सचिव- अर्थयोजना विभाग
- सोभियत ढकाल, सचिव- विपद व्यवस्थापन तथा स्वयम्सेवा विभाग

४ **केन्द्रीय कमिटीबाट पदमुक्तः** निम्न कमरेडहरूले पार्टी केन्द्रको जिम्मेवारीबाट अलग हुने चाहना राख्नुभएकोले उहाँलाई केन्द्रीय कमिटीको सदस्यबाट बिदा दिइएको छः

- केशव स्थापित
- प्रमोदनारायण यादव

५ **जिम्मेवारी हेरफेर**: निम्न कमरेडहरूको देहायबमोजिम जिम्मेवारीमा हेरफेर गरिएको छः

- गुरूप्रसाद बरालः केन्द्रीय कार्यालयको व्यवस्थापनमा रहेको बागमती प्रदेशको रिक्त इञ्चार्जको जिम्मेवारी हाललाई स्थायी कमिटीका सदस्य गुरूप्रसाद बराललाई तोक्ने निर्णय गरिएको छ ।
- विद्यासुन्दर शाक्यः इञ्चार्ज, तारकेश्वर नगरपालिका र टोखा नगरपालिका, काठमाडौं
- झपटबहादुर बोहराः प्रमुख- सामाजिक सेवा विभाग ।
- कर्णाली प्रदेश कमिटीका सचिव कमल शाहीलाई प्रदेश कमिटीको सिफारिसमा जिम्मेवारीबाट हटाउने । खाली हुने सचिव पदमा उपसचिव टेकराज पछाईलाई मनोनयन गरिएको छ ।

६ **प्रवेशको व्यवस्थापन**: निम्न कमरेडहरूलाई देहायका निकायमा मनोनयन गरी व्यवस्थापन गर्ने निर्णय गरिएको छः

| | |
|---|---|
| — केदार न्यौपाने (मकवानपुर) | केद्रीय कमिटी सदस्य |
| — छक्कबहादुर लामा (हुम्ला) | केद्रीय कमिटी सदस्य |
| — सूर्य शर्मा (चितवन) | केन्द्रीय सल्लाहकार परिषद् सदस्य |



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

— सूर्यचन्द्र न्यौपाने (मकवानपुर) केन्द्रीय सल्लाहकार परिषद् सदस्य
— शंकरदत्त जोशी (कञ्चनपुर) केन्द्रीय सल्लाहकार परिषद् सदस्य

## ग अन्य निर्णयहरू

१ **पार्टी र जनसंगठनको अधिवेशनमा उमेद्वारी शुल्कको व्यवस्था:** हाल अभ्यासमा रहेको शुल्क व्यवस्था पार्टी निर्माणका दृष्टिकोणबाट समेत प्रतिकूल रहेकोले अधिवेशनमा उमेद्वारी शुल्क अधिकतम् रू. ५०० कायम गर्ने निर्णय गरिएको छ । विभिन्न पदहरूको उमेद्वारी शुल्क तोक्दा त्यसको अनुपात यही अधिकतम् शुल्कको आधारमा मिलाउन निर्देशत गरिएको छ ।

२ **सामाजिक सञ्जालको दुरुपयोगको सन्दर्भ:** सामाजिक सञ्जालमा अनधिकृत र अज्ञात व्यक्तिहरूबाट पार्टीको नाम, लोगो र झण्डा दुरूप्रयोग भइरहेको छ । यसले पार्टीपंक्ति तथा समाजमा भ्रम सिर्जना गरिरहेको छ । तसर्थ, सामाजिक सञ्जालको दुरूपयोग रोक्न पार्टी र पार्टी नेतृत्वसँग जोडेर बनाइएका फेक एकाउन्ट बन्द गर्ने पहलका लागि केन्द्रीय प्रचार तथा प्रकाशन विभागलाई निर्देशन दिइएको छ ।

३ **बिद्रोहीहरूको सन्दर्भ:** चुनावको बेला बागी/विद्रोही भई कारबाहीमा परेका तर आत्माआलोचना गरी सदस्यता नवीकरण गर्न चाहनेहरूको पार्टी सदस्यता नवीकरण गर्न अनुमति दिने निर्णय गरिएको छ । अन्तर्घात गर्ने र पार्टीविरोधी गतिविधिमा संलग्नहरूलाई सम्बन्धित कमिटीले कारबाहीको दायरामा ल्याउने छ ।

४ **सार्वजनिक कार्यक्रममा फोटो प्रयोग, आशनग्रहण र मञ्च व्यवस्थापनको विषय:** सार्वजनिक कार्यक्रमहरूमा पार्टी र जनसंगठनका विभिन्न तहका नेता कार्यकर्ताको अनावश्यक फोटोको प्रयोग भएको पाइएको छ । कार्यक्रमको गरिमा र मर्यादालाई बढाउन अबदेखि पार्टी र जनसंगठनले आयोजना गर्ने सार्वजनिक कार्यक्रममा (तीन अग्रज नेताहरू- संस्थापक महासचिव पुष्पलाल, जननेता मदन भण्डारी र पूर्व अध्यक्ष मनमोहन अधिकारीका अतिरिक्त) पार्टी अध्यक्षबाहेक अन्य फोटो प्रयोग नगर्ने निर्णय गरिएको छ । कार्यक्रमको मञ्च वक्ताले मात्र प्रयोग गर्नेगरी अतिथी र वक्ताहरूलाई दर्शकदीर्घामा नै मर्यादित ढङ्गले आसनको व्यवस्था मिलाउने र कार्यक्रममा तथा कार्यक्रम सुरू भएपछि आशनग्रहणको उद्घोषण गरिरहेन परम्परा अन्त्य गर्ने निर्णय गरिएको छ । कार्यक्रममा व्याच, माला र खादाको अनावश्यक प्रयोग नगर्न र कार्यक्रमलाई भड्किलो नबनाउन समेत निर्देशित गरिएको छ ।

५ **कार्यदल गठन:** राष्ट्रिय युवा संघ, नेपालको कञ्चनपुरको जिल्ला अधिवेशनमा भएको अवाञ्छित गतिविधिप्रति सचिवालयको गम्भीर ध्यानाकर्षण भएको छ । ती अवाञ्छित



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेज: www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

क्रियाकलाप र अन्तर्विरोधको सन्दर्भमा सत्यतथ्य बुझेर समस्या समाधान गर्नका लागि **कञ्चनपुरको समस्या समाधान कार्यदल** गठन गरिएको छ । कार्यदलमा देहायका कमरेड रहनुभएको छः

**संयोजक**: उपाध्यक्ष कमरेड युवराज ज्ञवाली
**सदस्य**: स्थायी कमिटी सदस्य भानुभक्त ढकाल
**सदस्य**: पोलिटब्युरो सदस्य ज्वाला साहा

कार्यदलले आफ्नो काम तत्काल सुरू गर्नेछ । कार्यदलले निम्न कार्य गर्नेछः

— राष्ट्रिय युवा संघ- नेपाल, कञ्चनपुरको जिल्ला अधिवेशनमा उत्पन्न विवाद र कुटपिटका घटनाका सन्दर्भ छानविन गरी आवश्यक निर्णय लिने ।
— कञ्चनपुर जिल्लाको पार्टी काममा देखिएको समस्या र अन्तर्विरोध समाधानका लागि सहजीकरण गर्ने र पार्टी कामलाई व्यवस्थित गर्न आवश्यक सुझाव प्रस्तुत गर्ने ।

६ **बजेट स्वीकृतः** आ.ब २०८०/८१ को केन्द्रीय बजेटको प्रारूप स्वीकृत गरिएको छ ।

हार्दिक अभिवादसहित,

**केपी शर्मा ओली**
**अध्यक्ष**



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org